# ***सल्यानी समाज दक्षिण कोरियाको (विधान)***
# ***Salyani Society South Korea Legislation***

***(पिहिलो संशोधन २०२५ विधान पुनरलेखन सहित)***

***First Amendment 2025 with Legislative Rewrite***

***स्थापना सन् २०२१ (संसोधन २०२५)***

***Established in 2021 (Amended 2025)***

# ***सल्यानी समाज दक्षिण कोरियाको (विधान)***


| क्र.सं. | विषयसूची | पेज |
| --- | --- | --- |
| प्रस्तावना | | ३ |
| परिच्छेद- १ | संक्षिप्त नाम प्रारम्भ | ४-५ |
| परिच्छेद- २ | परिभाषा | ५ |
| परिच्छेद- ३ | संस्थाको छाप र चिन्ह | ५ |
| परिच्छेद- ४ | सल्यानी समाजको गठन | ५ |
| परिच्छेद- ५ | संस्थाको उदेश्यहरु | ६-७ |
| परिच्छेद- ६ | सदस्यता सम्बन्धी व्यवस्था | ७-८ |
| परिच्छेद- ७ | साधारण सभा सम्बन्धी व्यवस्था | ९-१० |
| परिच्छेद- ८ | कार्यसमिति सम्बन्धी व्यवस्था | १०-११-१२ |
| परिच्छेद- ९ | कार्यसमितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार सम्वन्धि व्यवस्था | १२-१३-१४-१५ |
| परिच्छेद- १० | संस्थाको कोष र लेखा परीक्षण सम्बन्धी व्यवस्थ | १५-१६ |
| परिच्छेद- ११ | संञ्चालक समिति, सल्लाहकार समिति सम्वन्धि व्यवस्था | १६-१७ |
| परिच्छेद- १२ | निर्वाचन, उम्मेदवार, योग्यता सम्बन्धी व्यवस्थ | १७-१८ |
| परिच्छेद- १३ | विविध | १८-१९ |
| अनुसूची- १ | सल्यानि समाज प्रतिक चिन्ह लोगो र छाप लोग | १९ |
| अनुसूची- २ | संस्थाको चिन्ह (Logo) | २० |
| अनुसूची- ३ | संस्थाको छाप (Stamp) | २० |
| अनुसूची- ४ | संस्थाको लेटरप्याड (Latterpad) | २१ |
| अनुसूची- ५ | संस्थापक सदस्यहरुको नामावली | २२ |
| अनुसूची- ६ | विधान संशोधन समिति २०२५ | २२-२३ |

## ***प्रस्तावना:-***

सल्यानी समाज दक्षिण कोरिया भन्नाले नेपालको कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाबाट कोरिया प्रवेश गरेका सम्पूर्ण सल्यानीहरुको साझा संस्था भन्ने बुझिन्छ।

सल्यान जिल्लामा ३ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरि जम्मा १० वटा स्थानिय तह पर्दछ्न। जसअन्तर्गत शारदा नगरपालिका, बागचौर नगरपालिका, बनगाड नगरपालिका, त्रिवेणी गाँउपालिका , कपुरकोट गाँउपालिका, छत्रेश्वरी गाँउपालिका, कुमाख गाँउपालिका, दार्मा गाँउपालिका, सिद्धकुमाख गाँउपालिका, र कालिमाटि गाँउपालिका बाट दक्षिण कोरियामा प्रवेश गरेर विभिन्न पेशा व्यवसायमा आवद्ध रहनुभएका सम्पूर्ण सल्यानी लाई संगठित गरी सल्यानी समाज दक्षिण कोरियाले अभिभावकीय भूमिका निर्वाह गर्ने छ।

यस संस्थाको उद्देश्य सल्यान जिल्ला बाट दक्षिण कोरिया प्रवेश गरेका सम्पूर्ण सल्यानीहरूमाझ एकता, सद्भाव र आपसि भाइचारा अभिवृद्धि गर्नुका साथै कोरियाली भूमिमा नेपालका प्राकृतिक सम्पदाहरुको प्रचारप्रसार  र सल्यानीहरुको सुख, दुःखको अभिभावकको रुपमा रहि भईपरी आउने समस्याहरुको न्यूनिकरण तथा समाधानका साथै विभिन्न जातजाति, भाषा, धर्म, कला, संस्कृतिको जगेर्ना गर्दै रचनात्मक, मनोरन्जनात्मक र चेतनामूलक कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने र मौलिक परम्पराहरुको संरक्षण सम्बर्द्धन र सामाजिक काममा योगदान पुर्याउनुको साथै आवश्यकता अनुसार सल्यान जिल्ला भित्र भैईपरी आउने आपतकालिन परिस्थितिहरु लगायत शिक्षा, स्वास्थ्य, खेलकुद लक्षित  कार्यक्रमहरु गर्ने एक जिम्मेवार संस्था हो। सल्यानी समाज दक्षिण कोरिया सन २०२१ मा स्थापना भई संन्चालन मा आएको र दोस्रो अधिवेशन **2024 February 11** मा सम्पन्न पछि दोस्रो कार्यसमितिले संस्थाको विधान संशोधन गर्न आवश्यक ठानि सन २०२५ मा सल्यानी समाज दक्षिण कोरियाका तत्कालिन **अध्यक्ष टर सिङ पुन ज्यू** को संयोजक मा ५ सदस्य समितिले सल्यानी समाज दक्षिण कोरियाको विधान संशोधन गरी संस्थालाई सुचारु रुपमा संचालन गर्ने यो विधान तर्जुमा गरि लागु गरिएको छ।

## <u>परिच्छेद १</u>

**<u>प्रारम्भिक :-</u>**

**<u>१. संक्षिप्त नाम र प्रारम्भ :-</u>**

१.१ संस्थाको नाम "सल्यानी समाज, दक्षिण कोरिया" अंग्रेजीमा **"Salyani Society South Korea"** हुनेछ ।

१.२ यस संस्थाको मुल कार्य क्षेत्र "दक्षिण कोरीया" हुनेछ र आवश्यकता,परिस्थिति हेरेर आफ्नो जन्मभूमी सल्यान लाई पनि कार्य क्षेत्र मान्न सकिने छ ।

१. ३ यस संस्थाको उद्देश्य एक विशुद्ध अविच्छिन्न, उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफामुलक, गैरराजनीतिक एवं गैर सरकारी सामाजिक संस्था रहनेछ।

१.४ संस्थाको कार्यलय दक्षीण कोरीयामा केन्द्रीय समितीले उपयुक्त ठानेको ठाँउमा रहने छ।

## <u>परिच्छेद २</u>

**<u>परिभाषा :-</u>**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :-**

२.१ "**बिधान**" भन्नाले यस संस्था संञ्चालनका लागी सल्यानी समाज दक्षिण कोरियाको मुल दस्तावेजलाई जनाउँछ। अथवा मुल कानुन सम्झनु पर्दछ।

२.२ समिति भन्नाले दक्षिण कोरियामा रहेका सल्यानी बासीहरुको प्रतिनिधित्व गर्ने तथा सल्यानी बासीहरुकै हकहितको लागि समर्पित तथा प्रस्तावनाले परिभाषित संगठित संस्था सम्भफ्नु पर्दछ। जसलाई सल्यानी समाज दक्षिण कोरिया भनिने छ । अंग्रेजीमा "Salyani Society South Korea" भनिने छ । छोटकरीमा स.स. दक्षिण कोरिया र अंग्रेजीमा SSSK भनिने छ।

२.३ सल्यानीबासी भन्नाले मातृदेश नेपालको राजनैतिक वर्गिकरण अनुसार सल्यान जिल्ला भित्र जन्मेको वा विवाह गरी अथवा बसाई सराई गरी सल्यान जिल्लामा बसोवास गर्ने अर्थात सल्यान जिल्लामा जन्म भई नेपालको विभिन्न जिल्लामा विभिन्न किसिमले अस्थाई स्थायी बसोवास गर्नेलाई समेत सम्झनु पर्दछ।

२.४ अनुसुचि भन्नाले यस विधानमा व्यवस्था गरिएको अनुसुचिलाई सम्झनु पर्दछ।

२.५ धारा वा उपधारा भन्नाले यस विधानको धारा वा उपधारालाई सम्झनु पर्दछ।

२.६ सल्यानी समाजलाई आवश्यक सल्लाह र सुझाव दिनको लागि संस्थाको कार्यकारणी समितीले मनोनयन गरेको व्यक्तिहरु बाठ गठित "संचालक समिति" लाई सल्लाहकार समितीलाई सम्झनु पर्दछ।

२.७ "कार्यसमिति" भन्नाले यस संस्थाको अधिवेशन अथवा विशेष अधिवेशनबाट सर्वसम्मत वा निर्वाचित भएर संस्थाको उद्‌देश्य पुरा गर्नको लागि बनेको कार्यकारीणी समितिलाई सम्झनु पर्दछ।

२.८ उपसमिति भन्नाले सल्यानी समाजलाई आवश्यक परेमा विविध कार्य गर्नको लागि कार्यसमिति लगायत संस्थाका साधारण सदस्यहरुले समेत छुट्‌टाछुट्‌टै नाममा समितिहरु गराउन सक्नेछन। ती समितिहरुलाई उपसमिति सम्भफ्नु पर्दछ।

२.९ "पदाधिकारी" भन्नाले यस संस्थाको कार्यसमितिको अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, महिला उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष, सह-कोषाध्यक्ष भन्ने सम्झनु पर्दछ।

२.१० साधारण सदस्य भन्नाले यस समितिको विधान बमोजिम साधारण सदस्यता प्राप्त गरेको व्यत्तिलाई सम्झनु पर्दछ।

२.११ आजिवन सदस्य भन्नाले संस्थाको विधान अनुसार साधारण सदस्यता ग्रहण गरेपछि समितिले तोके बमोजिमको शुल्क तिरी संस्थाको हरेक कार्यमा आबद्‌ध रहिरहन र यस संस्था रहुन्जेल सदस्य रहिरहन लिईने सदस्यता लाई आजीवन सदस्य सम्झनु पर्दछ।

२.१२ संरक्षक भन्नाले सल्यानी समाज र यस संस्था संञ्चालन गर्ने समितिलाई निरन्तर संञ्चालन गर्नको लागि रेखदेख वा संरक्षण गर्ने व्यक्तिलाई सम्झनु पर्दछ। कुनै कारण संस्था विघटन भएमा संस्थाको चल अचल सम्पति विधान बमोजिम आफ्नो नियन्त्रणमा लगी पुनः कार्य समितिको गठन गरी सञ्चालन गर्ने जिम्मा पाएको व्यत्तिलाई सम्झनु पर्दछ।

२.१३ साधारण सभा भन्नाले वर्षको एक पटक जसमा साधारण सदस्य, कार्य समितिका पदाधिकारी तथा सदस्य, आजिवन सदस्य, संरक्षक, सल्लाहकार र सम्पूर्ण सल्यानी समेतको वृहत भेलालाई सम्झनु पर्दछ।

२.१४ अधिवेशन भन्नाले कार्य समितिका पदाधिकारी, समितिका सदस्यहरु, आजिवन सदस्यहरु, सल्लाहकार समितिका सदस्यहरु, संरक्षक लगायत अतिथिहरुको भेलालाई सम्झनु पर्दछ ।

२.१५ "निर्वाचन समिति" भन्नाले यस संस्थाको विभिन्न समितिको निर्वाचन गराउन गठित समिति भन्ने सम्झनु पर्दछ।

२.१६ "कोष" भन्नाले यस संस्थाको आर्थिक कोष भन्ने सम्झनु पर्दछ।

## परिच्छेद ३

### संस्थाको छाप र चिन्ह :-

यस सल्यानी समाजको प्रतिक चिन्ह र छाप यस विधानको अनुसुचि १ र २ मा उल्लेख गरिएको बमोजिम आफ्नै प्रतिक चिन्ह लोगो र छाप हुनेछ।

## परिच्छेद ४

### सल्यानी समाजको गठन

४.१ यस विधानको परिच्छेद ६ को धारा वमोजिम सदस्यता प्राप्त सल्यानी बासीहरुबाट सल्यानी समाजको गठन हुनेछ।

४.२ यस संस्था अविच्छिन्न उत्ताराधिकार वाला स्वशासित एवं संगठित संस्था रहनेछ।

४.३ कार्यालय यस सल्यानी समाजको कार्यालय दक्षिण कोरियाको जुनसुकै ठाउमा पनि संस्थाले उचित ठानेको ठाँउमा राख्न सकिने छ।

## परिच्छेद ५

### संस्थाको उदेश्यहरु :-

**संस्था गैर-राजनीतिक मुनाफारहित तथा समावेशी जनहितकारी संस्था हुनेछ। यसका उद्‌देश्य देहाय बमोजिमका रहेका छन्।**

५.१ कोरियावासी सल्यानी नागरिक संग प्रत्यक्ष सरोकार राख्ने छ। दक्षिण कोरियामा रहेका सम्पुर्ण सल्यानीबासीहरु बिचमा पारस्परिक एकता, सदभाव एंवम भातृत्व भाषाको सम्बन्ध कायम राख्ने।

५.२ दक्षिण कोरियाको बसाई अवधिमा सल्यानी अथवा नेपाली नागरिकमा देखापर्ने समस्या नियम कानुन, भाषा, आर्थिक लगायत विविध आकस्मिक दुर्घटना, बिरामी वा मृत्यु भएमा वा अध्यागमन सम्बन्धी समस्याहरु आई परेमा समाधानको लागि आवश्यक परेको खण्डमा अन्य संघ संस्थाहरु सँग समन्वय गरी सहयोग गर्ने।

५.३ मातृभुमी सल्यानका परम्परा, भाषा संस्कृती ,एवं भेषभुषालाई शिरोपर गर्दै सल्यानीबासीहरूको स्वाभिमान र ईमान्दारिताका साथ रचनात्मक सिर्जनसिल कार्यहरूलाई थप शसक्त राख्न अहम भुमिकाको सिर्जना गर्ने।

५.४ सामाजिक कार्यमा कोरियामा र नेपालमा रहेका सम्पुर्ण संघ ,संस्थाहरूसंग समन्वय गरि कोरियामा बस्ने नेपाली र सल्यानीवासीहरूको हित र संरक्षण लागि काम गर्ने। साथै यस संस्थालाई दीर्घकालीनसम्म निरन्तरता दिन बिबिध कार्यहरु संचालन गर्ने।

५.५ नेपाल तथा कोरियाली भुमिमा भैईपरी आएका समस्याहरूलाई निराकरण गर्न सामाजिक रूपमा प्रचार प्रचार तथा जन चेतनामुलक कार्यक्रम सन्चालन गर्ने।

५.६ संस्थालाई आत्मनिर्भर गराउन आर्थिक सहयोग तथा संस्थाको कोष वृद्धि गराउनको लागि विभिन्न किसिमका खेलकुद प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, कला संस्कृति प्रदर्शन गर्ने तथा अन्य आयमुलक कार्यक्रम गर्ने।

५.७ सल्यान जिल्लाको शिक्षा, स्वास्थ्य, रोजगार, पर्यटन, मानविय विकाश तथा भौतिक विकाशका साथै मातृभुमि नेपाल र विविध पक्षको विकाश गर्नको लागि आर्थिक, भौतिक र नैतिक जुटाउन पहल गर्ने।

५.८ सम्पुर्ण सल्यानीबासीहरुलाई सिपमुलक, ज्ञानमुलक, चरित्रनिमार्णमुलक आदि विषयहरुमा यहाँका सामाजिक एंवम अन्य संस्थाहरु सँग सुमधुर सम्बन्ध राख्दै उनीहरुकै सहयोगदधारा विभिन्न किसिमको सेमिनार तालिम गोष्ठी आदीमा सहभागि गराउने। आफ्नै पहलमा पनि यस्ता तालिमहरु आयोजना गर्ने।

५.९ प्रवासमा पनि सम्पुर्ण सल्यानीबासीहरुको सर्वाङगीण विकाशका लागि विभिन्न खालको खेलकुद प्रतियोगिता, साँस्कृतिक कार्यक्रम कला र संस्कृतिको संरक्षण र पर्यटन प्रार्वद्धन गर्नको लागि विविध खालको कार्यक्रम आयोजना गर्ने साथै सल्यानी समाजको तर्फ बाट संस्थाको प्रतिनिधित्व हुने गरी सहभागि गराउने।

५.१० विभिन्न किसिमले समस्यामा परि बिखर्ची भएका सल्यानीहरुलाई बेरोजगारी, दुःखी, विरामी जटिल समस्यामा परि नेपालबाट भर्खरै आएका सल्यानीहरुलाई बस्ने ठाँउ खानपिनको व्यवस्था या नेपाल फर्कने अवस्था भएमा हवाई भाडा उपलब्ध गराई स्वदेश फिर्ता गराउन सहयोग गर्ने। नेपाली संघ संस्था अथवा स्थानिय सामाजिक तथा धार्मिक संघ संस्थाहरु सँग निरन्तर सुमधुर सम्बन्ध राखी आर्थिक, भौतिक, नैतिक सहयोगको व्यवस्था गर्ने।

५.११ कोरियामा रहेका सल्यानीबासीहरुको तथ्याङ्क डाटा संकलन गर्ने।

५.१२ पर्यटनको माध्ययमबाट जिल्लाको विकाश गर्नको लागि सल्यान जिल्लाको पर्यटकिय क्षेत्रको विश्वभरि प्रचारप्रसार गरी पर्यटक भित्र्याउन पहल गर्ने।

५.१३ सल्यान जिल्ला देखि दक्षिण कोरियामा आउने प्रतिष्ठित व्यक्तिहरु, वर्तमान सरकारी निकायमा कार्यरत व्यक्ति अथवा नेपालको प्रतिनिधित्व गर्दै देशको शिर उच्च राख्ने कलाकार, खेलाडी जस्ता विभिन्न व्यक्तिहरुलाई स्वागत तथा सम्मान कार्यक्रम गर्ने।

५.१४ समितिका सदस्यहरु अथवा संस्थालाई जसले अमुल्य योगदान गर्दछन उनीहरुलाई सम्मान प्रशंसा गर्दै अझ उच्च योगदानको लागि प्रोत्साहित गर्ने ।

५.१५ संस्थाको सर्वाधिकार सम्पन्न सर्वोच्च निकाय साधारण सभा तथा अधिबेशन रहनेछ।

## परिच्छेद ६

**सदस्यता सम्बन्धी व्यवस्था :-**

दक्षिण कोरियामा रहनुभएका विभिन्न पेशाव्यवसाय, रोजगार तथा अध्ययनमा आबद्ध सल्यान जिल्ला घर वा बसाई सरी वा विवाह गरी सल्यानी हुनुभएका सम्पुर्ण सल्यानीबासीहरु यस संस्थाको सदस्य हुन सक्नेछन। संस्थाको साधारण सभा, अधिवेशन तथा अन्य भेला, बैठकहरुमा भाग लिने आफुलाई लागेको सुझाव पेश गर्ने, विचार व्यक्त गर्ने। संस्थाको कुनैपनी कार्य थालनी गर्दा अथवा गठन गर्दा विवाद उतपन्न भएर चुनाव हुने वातावरण सिर्जना भएको खण्डमा स्वतन्त्र रुपमा मतदान गर्ने। र स्वयम व्यक्ति चुनावमा उमेदवार हुने।

**६.१ सदस्यताका प्रकार ३ प्रकार हुनेछन् :-**

**६.१.(क) साधारण सदस्य**

संस्थाको प्रकृया पुरा गरी सदस्यता लिएको व्यक्ति साधारणसदस्य हुने छ।

**६.१.(ख) आजीवन सदस्य**

संस्थाले तोकिएको प्रक्रिया पुरा गरी  संस्था रहदा सम्म संस्था प्रति जिम्मेवार भएर योगदान गर्न लिईने सदस्य आजीवन सदस्य हुनेछ।

**६.१.(ग) मानार्थ सदस्य**

संस्थालाई   विशेष योगदान पुर्याउने व्यक्तिलाई  हाम्रो संस्थाले उपयुक्त ठहर गरेको कुनै पनि व्यक्तिलाई सम्मान स्वरुप दिईने सदस्य मानार्थ सदस्य हुनेछ।

**६.२ सदस्यता प्राप्तिका योग्यता :-**

**यस संस्थाको परिच्छेद ६ दफा अनुसार योग्यता पुगेको सल्यानीबासीहरुले तोकिएको शुल्क तिरी साधारण सदस्य वा आजिवन सदस्यता प्राप्त गर्न सक्ने छन्।**

६.२.(क) सल्यान जिल्ला जन्म घर र अन्य ठाउ बाट सल्यान वसाई सराई गरेको हुनु पर्ने।

६.२.(ख) अनिवार्य रुपमा दक्षिण कोरिया प्रवेश गरेको हुनुपर्ने।

६.२.(ग) सार्वजनिक सम्पत्ति हिनामिना तथा नैतिक पतन नभएको व्यक्ति हुनु पर्ने।

**६.३ सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-**

**दफा ६ वमोजिम योग्यता पुगेका सदस्यहरुले देहायवमोजिम शुल्क तिरेर सदस्यता प्राप्त गर्न सक्नेछन ।**

६.३.(क) साधारण सदस्या शुल्क २०,,००० वन

६.३.(ख) आजिवन सदस्य शुल्क १००, ००० वन

६.३.(ग) मानार्थ सदस्य शुल्क नलाग्ने

## ६.४ संस्थामा नियुक्त हुन नसक्ने अवस्था :-

६.४.(क) गैर- सल्यानीबासी नेपाली नागरिक भएमा।

६.४.(ख) कुनै फौजदारी अभियोग लागेको र नैतिक पतन भएको व्यक्ति।

६.४.(ग) संस्थाप्रति निजि स्वार्थ भएको व्यक्ति।

६.४.(घ) मानसिक समस्या भएको व्यक्ति।

## ६.५ संस्थामा वाहल रहन नसक्ने अवस्थाहरु :-

६.५.(क) परिच्छेद ६ को दफा मा उल्लेख गरीएको उप दफा ६.२ । ६.३ बमोजिम संस्थाको सदस्यताप्राप्त गर्न नसक्ने भएमा।

६.५.(ख) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्विकूर्ति भएमा।

६.५.(ग) सदस्यको कोरिया बसाई सकिएमा।

६.५.(घ) संस्थाको विधान विपरित संस्थाप्रति अनउत्तरदायि कार्य गरेमा।

६.५.(ङ) साधारण सभाको ५१ प्रतिशत सदस्यहरुले जिम्मेवारी पदबाट हटाउने प्रस्ताव पारित भएमा।

६.५.(च) सदस्यले यस विधान बमोजिम आचरण नगरेको ठहर भएमा संस्थाको काम कारबाही वेईमानी वा बदनियत गरेको कुरा प्रमाणित भएमा। सदस्यता खारेज हुने गरी अनुशासनको कारबाही भएमा।

६.५.(छ) विधान अनुसार बुझाउनु पर्ने शुल्क नबुझाएमा मृत्यु भएमा वा मानसिक सन्तुलन गुमायमा वा कारणवश दक्षिण कोरिया छोडनु परेमा।

६.५.(ज) संस्थाको निती, कार्यक्रम उल्लङघन गरी संस्थाकै चल अचल सम्पति हिनामिना गरेको ठहर भएर पनि गल्ति प्रति पश्चाताप नगरेमा वा त्यस्तो सम्पति फिर्ता गर्न आनाकानी गरेमा।

६.५.(झ) कार्य समिति विगठन भएमा ।

**सबै सदस्यहरुले यस विधानअन्तर्गत बनेको नियम र विनियम वमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।**

## परिच्छेद ७

**साधारण सभा सम्बन्धी व्यवस्था :-**

**साधारण सभा यस संस्थाको सर्वोच्च अंग र सर्वाधिकार निकाय हुनेछ।**

७.१(क) दफा ६ वमोजिम संस्थाको साधारण सदस्यता प्राप्त गर्ने सम्पूर्ण सदस्यहरु लगायत समितिको सबै सदस्यहरु, सल्लाहकार समितिका सदस्यहरु, आजिवन सदस्यहरु, मानार्थ सदस्यहरु रहेको संस्थाको साधारण सभा भेला गराई तोकिएको स्थान समय र मितिमा साधारण सभा गरिनेछ।

७.१(ख) संस्थाको साधारण सभा वर्षको एक पटक मात्र बस्नेछ। तर ४०% सदस्यहरुले लिखित माग गरेमा कुनै पनि बेला बस्न सक्नेछ।

७.१(ग) संस्थाको बार्षिक साधारण सभा बोलाउदा कम्तिमा एक महिना अगावै सभा हुने मिति स्थान समय र छलफलको विषयवस्तु उल्लेख गरि सम्पूर्ण साधारण सदस्यहरुलाई अनिवार्य रुपमा सुचना एंवम पत्राचार दिर्नुपर्नेछ ।

७.१(घ) साधारण सभा बोलाउने र सम्पन्न गर्ने जिम्मेवारी कार्यसमितिलाई हुनेछ।

७.१(ङ) साधारण सभा सञ्चालन वा शुरु गर्नकै लागि कम्तिमा ५१% सदस्यहरुको उपस्थितिको गणपुरक संख्या पुगेको मानिने छ। तर ५१% नपुगेको अवस्थामा दोस्रो पटक ४०% सदस्यहरुको उपस्थिति भएमा मान्य हुनेछ। पुन- दोस्रो पटक पनि गणपुरक संख्या नपुगेमा तेस्रो पटक उपस्थिति सदस्यहरुलाई नै गणपुरक संख्या मानिनेछ।

७.१(च) साधारण सभाको अध्यक्षता कार्यसमितिकै अध्यक्ष वा अध्यक्ष अनुपस्थित भएमा वरिष्ठ उपाध्यक्ष र दुवै अनुपस्थित भएमा उपाध्यक्षले गर्ने छ।

७.१(छ) सामान्यतया साधारण सभाले बहुमतको आधारमा निर्णय गर्नेछ तर संस्थाकै कोष खर्च गर्न वा चल अचल सम्पति खरिद वा विक्रि गर्न कुल सदस्यहरुकै संख्यामा कम्तिमा दुई तिहाई सदस्यहरुकै मतबाट मात्र अधिकार प्राप्त हुनेछ।

**७.२ साधारण सभाको काम कर्तव्य र अधिकार :-**

७.२(क) साधारण सभामा प्रस्तुत संस्थाको कार्य प्रगति प्रतिवेदन माथि छलफल गरी साधारण सभाले मुल्यांकन र अनुमोदन गरी पारित गर्ने छ।

७.२(ख) साधारण सभामा प्रस्तुत संस्थाको आर्थिक आय व्ययकै प्रतिवेदन माथि छलफल गरी पारित गर्ने छ।

७.२(ग) संस्थाको भावी नीति नियम निर्माण गर्ने र कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि कार्यसमितिलाई आवश्यक निर्देशन दिने छ।

७.२(घ) कार्यसमितिलाई आवश्यक मार्ग निर्देशन वा नियन्त्रण गर्ने छ।

७.२(ङ) विधान संशोधन वा अन्तिम व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ।

**७.३ अधिवेशनको काम कर्तव्य र अधिकार :-**

७.३(क) संस्थाको अधिवेशन  हरेक २/२ वर्षमा गर्नु पर्ने छ।

७.३(ख) अधिवेशनको मुख्य काम नयाँ कार्य समिति गठन तथा पुरानो भंग गर्ने हुनेछ।

७.३(ग) अन्य कामहरु सबै साधारण सभा जस्तै हुनेछ।

७.३(घ) अधिवेशन निश्चित समयमा हुन नसके बढिमा ६ महिना थप गर्न सकिने छ। थपेको ६ महिना भित्र अधिवेशन सम्पन्न गर्नु पर्ने छ।

## परिच्छेद ८

**कार्यसमिति सम्बन्धि व्यवस्था :-**

सल्यानी समाज दक्षिण कोरियाको साधारणसभा र अधिवेशनद्धारा दक्षिण कोरियामा रहेका सम्पुर्ण सल्यानीबासीहरुको प्रतिनिधित्व हुने गरी निर्वाचन मण्डलले एक कार्यसमितिको निर्वाचित गर्नेछ।

**८.१ जस्मा ३१ सदस्यीय कार्यसमिति गठन गरिनेछ।**

अध्यक्ष १

ब. उपाध्यक्ष १

उपाध्यक्ष २

महिला उपाध्यक्ष १

महासचिव १

सचिव २

कोषाध्यक्ष १

सहकोषाध्यक्ष १

सदस्य १०

पालिका संयोजक १०

विध्यार्थी संयोजक १

**सदस्यको हकमा निर्वाचन पछि आवश्यक परे कार्यसमितिले थप गर्न सक्नेछ। विभिन्न विधाका संयोजकहरु कार्यसमितिले राख्न सकिने छ।**

८.२ कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ।

८.३ वार्षिक साधारणसभा अथवा अधिवेशन हुनुभन्दा अगावै कार्यसमितिको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि रिक्त पद पूर्ति कार्यसमिति द्वारा गर्न सकिनेछ।

८.४ कार्य समिति साधारण सभा बाहेकको अवस्थामा सर्वोच्च हुनेछ।

८.५ कार्य समितिको नियमित बैठक महिनाको एक पटक अनिवार्य बस्नु पर्नेछ। आकस्मिक अथवा अन्य अवस्थामा आवश्यकता अनुसार प्रक्रिया पुऱ्याई समितिको बैठक जति पनि बस्न सकिनेछ।

८.६ कार्यसमितिको अध्यक्षले बैठकको अध्यक्षता गर्ने व्यवस्था हुनेछ। निजको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले गर्ने व्यवस्था हुनेछ। वरिष्ठ उपाध्यक्ष पनि नभएको अवस्थामा कार्यसमितिको पदिय क्रमबद्धको आधारमा एक जनाले गर्ने छ।

८.७ कार्य समितिको निर्णयहरु बहुमतको आधारमा हुनेछ। तर मत बराबर भएमा निर्णायक मत अध्यक्ष अथवा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

८.८ कार्यसमितिको बैठक बस्नको लागि कम्तीमा ५१% हुनु पर्नेछ।

८.९ संस्थाले गर्ने भनिएका सम्पूर्ण कार्यहरु संञ्चालन समितिको सल्लाह अनुसार र कार्यसमितिको निर्णयबाट हुनेछन्।

**<u>८.२ पद रित्तफ्ता :-</u>**

**कार्यसमितिका पदाधिकारी वा सदस्यहरुको पद रित्तफ्ता देहाय बमोजिम हुनेछ।**

८.२(क) कार्य समितिका पदाधिकारीहरुले राजिनामा दिई अध्यक्षले स्वीकृत गरेमा।

८.२(ख) अध्यक्षको हकमा राजिनामा कार्यसमितिको निर्णय अनुसार वरिष्ठ उपाध्यक्षले स्वीकृत गरेमा।

८.२(ग) मानसिक समस्या, शारीरिक असक्त भई कारणबस नेपाल पिफ्र्ता हुनु परेमा।

८.२(घ) नियमित बैठकमा विना सुचना (३ पटक) सम्म लगातार अनुपस्थित भएमा।

८.२(ङ) विधानको उद्देश्य विपरीत काम कारवाही गरेको प्रमाणित भएमा।

८.३ पदपुर्ति :-

८.३(क) कार्यसमितिको अध्यक्षको पद कारणबस रिक्त भएमा वरिष्ठ उपाध्यक्ष कार्यबाहक अध्यक्ष भई बाँकी अवधिको कार्य पुरा गर्ने व्यवस्था हुनेछ।

८.३(ख) अध्यक्ष र वरिष्ठ उपाध्यक्षको पद रिक्त हुन गएमा कार्य समितिकै निर्णय अनुसार कुनै एक जना पदाधिकारी वा सदस्यलाई अध्यक्ष मानि बाँकी अवधिको लागि अध्यक्ष भई काम गर्न पाउने छ।

८.३(ग) अन्य पदाधिकारी वा सदस्यहरुको स्थान रिक्तभएमा उक्त रिक्त पदमा कार्य समितिले निर्णय गरी कुनै पदाधिकारी वा साधारण सदस्यहरुबाट पदपुर्ति गर्नेछ।

**८.४ कार्यसमितिको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।**

८.४(क) आगामि वर्षको वार्षिक कार्यक्रम छलफलका लागि साधारण सभामा पेश गर्ने।

८.४(ख) साधारणसभाको निति निर्देशनको पालना गर्ने साधारण सभाले पारित गरेका प्रस्ताव तथा निर्णयहरु कार्यान्वयन गर्ने।

८.४(ग) संस्थाको उद्देश्य प्राप्तिमा प्रयत्नशील कार्य गर्ने।

८.४(घ) संस्थाको विधान बमोजिम विधान भित्र रहेर कार्य गर्ने।

८.४(ङ) कार्य समितिले आवश्यक ठानेमा कुनै पदाधिकारी वा सदस्यहरुको संयोजकत्वमा विभिन्न विभाग वा उपसमिति गठन गरी कार्यक्रमहरु आयोजना गर्ने।

८.४(च) विभिन्न संघ संस्थाहरुको बैठक तथा सेमिनारहरुमा संस्थाको प्रतिनिधित्व गरी सहभागिता जनाउने।

८.४(छ) साधारण सभा तथा कार्य समितिको निर्णयलाई अध्यक्ष र महासचिवले प्रमाणित गर्ने।

८.४(ज) प्रत्येक वर्ष आर्थिक तथा प्रगति प्रतिवेदन तयार गरि साधारणसभामा पेश गर्ने ।

८.४(झ) आर्थिक श्रोतको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

८.४(ज) संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक सल्लाहकार, संरक्षक र उपसमिति नियुक्त तथा गठन गरि आवश्यकता अनुसार सल्लाह सुझाव लिने र जिम्मेवारी दिने।

८.४(ट) संस्थाको नेतृत्वदायी भूमिका खेल्ने।

**८.५ पदावधि :-**

कार्य समितिको सम्पुर्ण पदाधिकारीहरुको पदावधि चयन भएको मितिले २ वर्षको हुनेछ।

## परिच्छेद ९

**कार्यसमितिका पदाधिकारीहरुको काम , कर्तब्य र अधिकार सम्बन्धि व्यवस्था।**

अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष, सदस्य र पालिका संयोजक विभिन्न विधाका संयोजकहरुको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

**९.१ अध्यक्षको काम कर्तब्य र अधिकार :-**

९.१.(क) साधारण सभा, अधिवेशन तथा कार्य समितिको बैठकको अध्यक्षता गर्ने।

९.१.(ख) कार्यसमितिको बैठकमा मत बराबर भएमा निर्णायक मत दिने।

९.१.(ग) नियमित बाहेक आकस्मिक बैठकहरु बोलाउनु परेमा वरिष्ठ उपाध्यक्ष र महासचिव सँग परामर्श गरी आवश्यक काम गर्ने।

९.१.(घ) संस्थालाई संगठित र सुव्यवस्थित रुपमा कायम राख्ने विशेष ध्यान दिने।

९.१.(ङ) संस्थाको विधान, कार्यसमिति तथा साधारण सभा, द्वारा गरिएका निर्णय कार्यान्वयन गर्ने गराउने।

९.१.(च) अधिवेशन र कार्य समितिले तय गरेको कार्य हरुको दिशा निर्देश गर्दै नेतृत्व प्रदान गर्ने।

९.१.(छ) कार्यसमिति बैठक तथा साधारण सभा बैठक बोलाउने र महासचिवलाई निर्देशन दिने।

९.१.(ज)) चल अचल सम्पत्तिको रेखदेख तथा संरक्षण ,नियन्त्रण गर्ने गराउने।

९.१.(झ) संस्थाको आम्दानी र खर्च हिसाब र अन्य श्रेस्ता सुरक्षीत व्यवस्थित गर्ने गराउने।

९.१.(ञ) विभिन्न उपसमितिको गठन तथा कार्य संचालनको निर्देशन दिने।

९.१(ट) आय व्ययको श्रोत प्रमाणित गर्ने।

९.१.(ठ) संस्थाको नेतृत्व लिने।

९.१.(ड) आवश्यक अन्य कार्यहरु गर्ने।

**९.२ बरिष्ट उपाध्यक्षको काम कर्तब्य र अधिकार :-**

९.२.(क) अध्यक्षको अनुपस्थितिमा निजको काम कर्तव्य र अधिकारको प्रयोग गरी संस्थालाई नेतृत्व प्रदानगर्ने।

९.२.(ख) संस्थाबाट तोकिएको जिम्मेवारी पुरा गर्न गराउन सदा तयार रहने।

९.२.(ग) अध्यक्षलाई सहयोग पुऱ्याउने।

९.२.(घ) समितिलाई क्रियाशिल बनाई अगाडि बढाउने कार्यमा तयार रहने।

९.२.(ङ) अध्यक्षको अनुपस्थितिमा बैठक, साधारण सभा, अधिवेशनको अध्यक्षता गर्ने।

९.२.(च) अध्यक्षको निर्देशन पालना गर्दै सस्थाको नियम पालना गर्ने।

**९.३ उपाध्यक्षको काम कर्तव्य र अधिकार :-**

९.३.(क) अध्यक्ष वा वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा निजले तोकेको काम कर्तव्य र अधिकारको प्रयोग गरी संस्थालाई नेतृत्व प्रदान गर्ने।

९.३.(ख) संस्थाबाट तोकिएको जिम्मेवारी पुरा गर्न गराउन सदा तत्पर रहने।

९.३.(ग) अध्यक्ष,वरिष्ठ उपाध्यक्षलाई संस्थाको कामकारबाहीमा सहयोग पुर्‍याउने।

९.३.(घ) समितिलाई क्रियाशिल बनाई अगाडि बढाउने कार्यमा सकृय रहने।

९.३.(ङ) अध्यक्ष र ब. उपाध्यक्षको अनुपस्थितिमा बैठक, साधारण सभा, अधिवेशनको अध्यक्षता गर्ने।

**९.४ महासचिवको काम कर्तब्य र अधिकार :-**

९.४.(क) अध्यक्षको निर्देशन अनुसार संस्थाको बैठक र साधारण सभाको बैठक बोलाउने।

९.४.(ख) संस्थाको प्रगति प्रतिवेदन तयार गर्ने र साधारण सभा तथा अधिवेशनमा प्रस्तुत गर्ने।

९.४.(ग) बैठक, साधारण सभा तथा अधिवेशनका लागि सुचना आदान प्रदान साथै पत्राचार गर्ने।

९.४.(घ) कार्यसमितिको निर्णयहरुको निर्णय पुस्तिका तयार र बैठका निर्णहरुको अभिलेख तयार पार्ने र सुरक्षित राख्ने।

९.४.(ङ) स्वीकृत कार्यपत्र तथा बजेत अनुसार कार्यक्रम सञ्चालन गर्ने गराउने।

९.४(च) साधारण सभा र कार्यसमिती बाट तोकिएको काम गर्ने।

९.४.(छ) संस्थाको वार्षिक कार्ययोजना तयार गर्दै बैठक, साधारण सभा तथा अधिवेशनमा पेश गर्ने।

९.४.(ज) कार्यलयको चलअचल सम्पती र कागजात को अभिलेख राख्ने।

९.४.(झ) संस्थामा आफ्नो अनुपस्थितिमा सम्पुर्ण जिम्मेवारी सचिवलाई हस्तान्तरण गर्ने।

**९.५ सचिव को काम कर्तब्य र अधिकार :-**

९.५.(क) महासचिवको अनुपस्थितिमा महासचिवको काम कर्तव्य र अधिकार आदेश अनुसार सम्पुर्ण कार्यहरु गर्ने।

९.५.(ख) महासचिवको अनुपस्थितीमा अध्यक्षको निर्देशन अनुसार काम गर्ने।

९.५.(ग) संस्थाको विभिन्न कार्यमा महासचिवलाई  सहयोग गर्ने।

९.५.(घ) संस्थाको वार्षिक कार्ययोजना, प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन आदी बनाउन, कार्यान्वयन गर्न महासचिव र कोषाध्यक्षलाई सहयोग गर्ने।

**९.६ कोषाध्यक्ष को काम कर्तब्य र अधिकार :-**

९.६.(क) संस्थाको हिसाब किताब दुरुष्त राख्ने, रेखदेख र संचालन गरी लेखापरीक्षण गर्ने।

९.६.(ख) संस्थाको चल अचल जिन्सी सम्पतिको लगत राख्ने।

९.६.(ग) संस्थाको वार्षिक आर्थिक कार्ययोजना तयार गरी आवश्यकता अनुसार साधारण सभा, अधिवेशन तथा कार्यसमितिमा पेश गर्ने।

९.६.(घ) संस्थाको आर्थिक विवरण ३/३ महिनामा कार्यसमितिमा पेश गर्ने।

९.६.(ङ) संस्थाको आर्थिक प्रतिवेदन तयार गरी साधारण सभा तथा अधिवेशनमा पेश गर्ने।

९.६.(च) संस्थाको आर्थिक नितीहरु कार्यान्वयन गर्ने।

९.६.(छ) सचिव तथा कार्य समितिका पदाधिकारी सदस्यहरुको सहयोगमा वार्षिक कर्यक्रम तथा बजेट तयार गर्ने।

९.६.(ज) संस्थाको आर्थिक विवरण तयार गरी लेखा परिक्षण गराउन सहयोग गर्ने।

९.६.(झ) संस्थाले तोकेबमोजिमको सबै आर्थिक जिम्मेवारी वहन गर्ने।

**९.७ सह-कोषाध्यक्षको काम कर्तब्य र अधिकार :-**

९.७.(क) कोषाध्यक्षलाई पूर्ण रुपमा सहयोग गर्ने ।

९.७.(ख) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको सम्पुर्ण काम कर्तव्य र अधिकारको प्रयोग गरी जिम्मेवारी वहन गर्ने ।

**९.८. सदस्यहरुको काम कर्तव्य र अधिकार :-**

९.८.(क) संस्थाको उद्देश्य प्राप्तिको लागि सक्दो सहयोग गर्ने।

९.८.(ख) सस्थाको नियमित बैठक मा अनिवार्य उपस्थित हुने।

९.८.(ग) कार्यसमितिको काम कर्तव्यमा सहयोग पुर्‍याउने।

९.८.(घ) संस्थाको वार्षिक कार्ययोजना तयार गर्न आवश्यक सहयोग गर्ने।

९.८.(ङ) विधानको पालना गरी सम्पूर्ण नियम अनुसार अन्य कार्यहरु गर्ने।

९.८.(च) कार्यसमितिका निर्णयहरुलाइ कार्यन्वयन गर्न सहयोग गर्ने ।

९.८.(छ) सस्थाको कार्यमा रचनात्मक भुमिका खेल्ने ।

९.८.(ज) सस्था प्रति उत्तरदायी रहने ।

९.८.(झ) साधारण सभा, अधिवेशनले दिएको निर्देशन, निर्णय, सुझावलाई कार्यान्वयन गर्न क्रियाशिल रहने।

९.८.(ञ) अध्यक्षले उपाध्यक्ष मार्फत र अन्य पदाधिकारी र सदस्यहरुले अध्यक्ष सक्षम दिएको राजिनामामा कार्य समितिले स्वीकृत गर्ने।

**९.९ पालिका संयोजकको काम कर्तव्य र अधिकार :-**

९.९.(क) नेपाल देखि कोरिया प्रवेश गर्ने आफ्नो पालिकाका सल्यानीहरुलाई संस्थामा जोडने।

९.९.(ख) संस्थाले गरेको हरेक गतिविधि आफ्नो पालिकाका साथिहरुलाई जानकारी गर्ने।

९.९.(ग) नेपालमा संस्थाले कुनै पनि काम गर्दा आफ्नो पालिकामा कार्यक्रम परेको समयमा जिम्मा लिई स्पष्ट र पारदर्शी तरिकाले सम्पन्न गर्ने।

९.९.(घ) संस्थाले दिएको जिम्मेवारी पुरा गर्ने।

**९.१०. विभिन्न विधाका संयोजकहरुको काम कर्तव्य र अधिकार :-**

९.१०.(क) संस्थाले गर्ने कार्यक्रममा गठन गरीएका विभिन्न विधाका संयोजकहरुले संस्थाले दिएको जिम्मेवारी पुरा गर्नु पर्नेछ।

## परिच्छेद १०

**संस्थाको कोष र लेखा परीक्षण सम्बन्धी व्यवस्था :-**

**यस संस्थाको एउटा आफ्नै कोष हुनेछ। संस्थाको उदेश्य परिपूर्तिका लागि देहायबमोजिमको रकम संस्थाको कोष हुनेछ। जसको लेखा प्रचलित कानुन बमोजिम हुनेछ।**

**१०.१ संस्थाको कोष :-**

१०.१.(क) संस्थाको साधारण सदस्य, आजिवन सदस्यता शुल्क र उम्मेदवार बाट प्राप्त रकम।

१०.१.(ख) संस्थालाई कुनै भातृ निकाय, संघ संस्था, व्यक्ति तथा अन्तराष्ट्रिय निकायबाट प्राप्त अनुदान र सहयोग रकम।

१०.१.(ग) संस्थाले कोष वृद्धिका लागि आयोजना गरेको विशेष कार्यक्रम एंवम अभियानबाट प्राप्त रकम।

१०.१.(घ) संस्थाले प्रकाशन गरेका कृतिहरुको प्रदर्शन, विक्रि वितरकबाट प्राप्त रकम।

१०.१.(ङ) संस्थाले कोषको रकम लगानी गरी प्राप्त व्याज।

१०.१.(च) विभिन्न निकायबाट ऋण स्वरुप प्राप्त रकम।

१०.१.(छ) संस्थाको हितको लागि गरिएको आयमुलक कार्यबाट प्राप्त रकम।

१०.१.(ज) कसैले स्वेच्छाले संस्थालाई भनि दिएको रकम।

१०.१.(झ) कार्यसमितिको निर्णय अनुसार उठाउदै आएको मासिक लेबि रकम।

१०.१.(ञ) अन्य विविध स्रोतहरूबाट प्राप्त रकम।

१०.१.(ट) विभिन्न शीर्षक बमोजिम प्राप्त रकम संस्थाको आधिकारिक बैंक खातामा जम्मा गरिनेछ। अथवा संस्थाको खाता नखोल्दा सम्म संस्थाका कोषाध्यक्षको खातामा जम्मा गरिने छ।

## १०.२ खाता तथा कोष संचालन

**संस्थाको नाममा पायक पर्ने कुनैपनि बैंकमा संस्थाको खाता खोली संस्थाका अध्यक्ष र कोषाध्यक्ष को संयुक्त दस्तखतबाट खाता सन्चालन गरिनेछ ।**

१०.२.(क) संस्थाको आर्थिक कारोबारको लागि संस्थाको नाममा छुट्टै बैंक खाता सञ्चालन गरिनेछ।

१०.२.(ख) बैंक खाता अध्यक्ष वा महासचिव मध्ये एक जना र कोषाध्यक्षको जिम्मा रहने गरी कार्य समितिलाई निर्णय गर्न यस धाराले बाधा पर्‍याउने छैन।

१०.२.(ग) संस्थाको बार्षीक बजेट,योजना, र कार्यक्रम स्वीकृत नगरी कोषको रकम खर्च गर्न पाईने छैन।

१०.२.(घ) संस्थाको कोषमा रहेको रकम ३/३ महीनामा कार्यसमीती र सञ्चालक समीतीमा आम्दानी र खर्चको बैंक विवरणहरू राख्नुपर्नेछ।

१०.२.(ङ) कोषबाट खर्च भएको रकम प्रतिवेदन बनाई साधारण सभामा अनीवार्य रूपमा पेश गर्नुपर्नेछ।

१०.२.(च) संस्थाको रकमलाई आन्तरिक रुपमा ऋण स्वरुप लगानी गर्नको लागि ५ सदस्य आर्थिक विभाग गठन गरिनेछ। जसमा अध्यक्ष अनिवार्यरुपमा आर्थिक विभागको संयोजक र कोषाध्यक्ष अनिवार्य सदस्य हुनेछन भने अन्य ३ जना सदस्य कार्यसमितिले चयन गर्नेछ। यस सम्बन्धि उपनियम कार्यसमिति र आर्थिक विभागले बनाउनेछ।

## १०.३ संस्थाको सम्पति

**निम्न अनुसारको रकम संस्थाको सम्पति मानिनेछ।**

१०.३.(क) संस्थाको नाममा जम्मा भएको रकम

१०.३.(ख) संस्थाले आय आर्जन गरेको नगदी तथा जिन्सी सामानहरु जस्तै संस्थाले निर्माण गरेको भवन, खरिद गरेको जग्गा, मेसिन, औजार तथा अन्य भौतिक सामाग्रीहरु।

## १०.४ संस्थाको लेखापरीक्षण:-

वार्षिक रुपमा संस्थाको लेखा परीक्षण कार्यसमितिले गठन गरेको लेखा समितिले गर्नेछ। कार्यसमिति बाट कोषाध्यक्षले तयार गरेको आयव्यय लेखा समितिले परिक्षण गर्नेछ। कार्य समितिले र कोषाध्यक्षले तयार गरेको प्रतिवेदन लेखा परीक्षण समितिले अनुमोदन गरेपछी

कोषाध्यक्षले साधारण सभा तथा अधिवेशनमा स्वीकृतका लागि पेश गर्नु पर्नेछ। उक्त प्रतिवेदन साधारण सभाका बहुमत सदस्यबाट अनुमोदन गरिनेछ। लेखा समितिको गठन सल्लाहकार तथा साधारण सदस्यहरुबाट गरिनेछ। लेखा समितिको संख्या ३ देखि ५ जनाको हुनेछ जसमा एकजना संयोजक र अरु सबै सदस्य हुनेछन।

## <u>परिच्छेद ११</u>

### ११.१.संञ्चालक समिति, सल्लाहकार समिति सम्बन्धि व्यवस्था :-

११.१.(क) संञ्चालक समीतीको मुख्य भुमीका संस्था संञ्चालको लागी समन्वयात्मक मार्गदर्शनमुलक र सल्लाहकारको रूपमा हुनेछ। संञ्चालक समीतीमा कुनैपनी कार्यकारीणी अधीकार भने हुने छैन।

११.१.(ख) सञ्चालक, समितिमा १ जना सल्लाहकार संयोजक र २ जना सम्म वरिष्ठ सल्लाहकार राख्न सकिने छ।

११.१.(ग) संस्थालाई योगदान गरेको आधारमा कार्यसमितिले मूल्याङ्कन गरी जति पनि सल्लाहकार मनोनीत गर्न सकिनेछ।

### ११.२. संरक्षक सम्बन्धि व्यवस्था:-

११.२.(क) संरक्षक २ जना राख्न सकिने छ।

११.२.(ख) यस संस्थाको अध्यक्ष पदमा रही एक कार्यकाल सकाएको व्यक्ति स्वतह संरक्षकमा राख्न सकिनेछ।

११.२.(ग) कार्यसमीतीले अवाश्यक ठानेको अवस्थामा निरन्तर रूपमा संस्थाप्रती उच्च योगदान गरेको १ जना व्यक्ति संस्थाको अध्यक्ष भूमिकामा रहि काम नगरेको भए पनी संरक्षकमा मनोनीत गर्न सक्नेछ।

११.२.(घ) सञ्चालक समीतीमा मनोनितगरीएका व्याक्तीत्वहरू संस्थाले गरेका कार्यक्रममा निरन्तर लामो समय सम्म कुनै पनि जानकारी बिना अनुपस्थित भएमा कार्यसमीतीले हेरफेर गर्न सक्नेछ।

## <u>परिच्छेद १२</u>

### निर्वाचन,, उम्मेदवार, योग्यता सम्बन्धी व्यवस्था :-

### १२.१ निर्वाचन समिति

१२.१.(क) कार्य समितिको निर्वाचन सर्वसम्मतबाट हुन नसके गोप्य मतदानद द्धारा हुनेछ।

१२.१.(ख) निर्वाचन समितिमा १ जना संयोजक सहित ३ देखि ५ सदस्यीय निर्वाचन समिति गठन गरिने छ। उक्त निर्वाचन समिति कार्यसमिले अधिवेशन हुनु अगावै निर्वाचन समय अवधि भरको लागि मात्र अधिकार हुने गरी गठन गर्नेछ।

१२.१.(ग) निर्वाचन सम्बन्धि विवाद उठेमा निर्वाचन समितिको निर्णय अन्तिम ठहरिनेछ।

१२.१.(घ) निर्वाचनमा मतदान गर्न सल्यान जिल्ला घरभै कोरियामा रहनुहुने व्यक्तिहरुले सल्यानी समाजको साधारण सदस्य लिएको सदस्यले मात्र मदान गर्न पाउने छन।

१२.१.(ङ) निर्वाचन समितिका पदाधिकारी चुनावमा उठ्न र मतदान दिन पाउने छैनन्।

१२.१.(च) नवनिर्वाचित पदाधिकारीहरुलाई निर्वाचन समितिले सपथ ग्रहण गराउनु पर्नेछ।

१२.१.(छ) निर्वाचनको लागि गठित निर्वाचन समिति निर्वाचन पश्चात उक्त समिति स्वत विघटन हुनेछ। अथवा अधिवेशन पछि नया कार्यसमिति गठन भईसके पछि स्वतह अधिकार विहिन हुने छ।

### १२.२ निर्वाचन :-

### निर्वाचन सम्बन्धि व्यवस्था

१२.२.(क) यस संस्थाको कार्यसमितिको निर्वाचन दुई वर्षमा हुनेछ।

१२.२.(ख)  निर्वाचन सम्पन्न गर्न एक सामाजिक अभियानता सहित बढिमा पाँच जनाको निर्वाचन समिति गठन गरिनेछ ।

१२.२.(ग)  निर्वाचित समितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन आचारसंहिता तयार गरि नीति नियम बनाउने छ।

१२.२.(घ) सवैभन्दा पहीलो प्राथमिकता आपसी समझदारी मानिनेछ।

### १२.३  चुनाबी प्रक्रीया :-

१२.३(क) पहीलो प्राथमिकता सहकार्य र सहमति मानिनेछ।

१२.३.(ख)  चुनाबी प्रक्रीयामा मत बराबर भएमा गोलाप्रथा बाट पदाधीकारी छनोट हुनेछ।

१२.३.(ग)  निर्वाचन सम्बन्धि विवाद उत्पन्न भएमा निर्वाचन समितिको अन्तिम निर्णय नै मान्य हुनेछ।

### १२.४  उम्मेदवार हुने योग्यता

### उम्मेदवार हुनको लागि देहाय बमोजिमका शर्तहरू लागु हुने छन्।

१२.४.(क) सल्यानी समाज दक्षिण कोरिया को साधारण सदस्यता लिएको हुनुपर्नेछ।

१२.४.(ख) अध्यक्षको उमेद्वार हुनको लागि सल्यानी समाज दक्षिण कोरियाको एक कार्यकाल ईमान्दारी पूर्वक पुरा गरेको हुनु पर्ने छ।

१२.४.(ग) अध्यक्ष, महासचिव, कोषाध्यक्ष पदका लागी कोरीयाको वैधानीक बसाई कम्तीमा २ बर्ष जति हुनु पर्नेछ।

१२.४.(घ) सार्वजनिक, नैतिक पतन नभएको, मानसिक सन्तुलन ठिक भएको हुनु पर्नेछ।

## परिच्छेद १३

### विविध :-

### १३.१. नियमावली विनियमावली बनाउन सकिने :-

यस विधानको भावना र मर्म अनुसार नभत्किने गरी संस्थाको कार्यसमितिले कार्य सञ्चालनार्थ नियमावली तथा विनियमावली बनाउन सक्नेछन। यस्ता नियमावली तथा विनियमावली साधारणसभा वा अधिवेशनबाट अनुमोदन गर्नु पर्नेछ।

### १३.२. विधान संशोधन सम्वन्धि व्यवस्था:-

१३.२.(क) यो विधानमा उल्लेख गरिएका कुनै पनि धारा वा दफा, उपदफा संशोधन गर्नु परेमा विधान संशोधन प्रस्ताव गर्ने व्यक्तिले कार्यसमिति समक्ष लिखितरुपमा पेश गर्नु पर्ने छ।

१३.२.(ख) धारा वा दफा, उपदफा संशोधन गर्न लिखितरुपमा पेश गरीएको त्यस्तो प्रस्तावलाई कार्य समितिले संशोधनको लागि उचित ठानेमा वा समर्थन जनाएमा कार्यसमितिले संञ्चालन समितिको पूर्ण बैठक बोलाई पेश गर्नु पर्नेछ। अथवा साधारण सभा वा अधिवेशनमा पेश गरी दुई तिहाई बहुमतबाट पास गरि संशोधन गर्न सकिने छ। संशोधित विधान तत्काल लागु हुने छ।

१३.२.(ग) माथिको विधानले विधान संशोधन को बाटो प्रशस्त गरे तापनि विधान संशोधन गर्न को लागि उक्त कार्यसमितिको कार्यकाल कम्तीमा ६ महिना बाँकी हुनुपर्नेछ। कार्यकाल सकिन ६ महिना भन्दा कम समय बाँकी रहेको खण्डमा विधान संशोधन गर्न सकिने छैन।

### १३.३. व्याख्या, बाधा अडकाउ फुकाउने अधिकार :-

यस विधान लागु गर्ने,र यस विधान अन्तर्गत बनेका नियम र विनियम हरूको व्याख्या गर्ने तथा बाधा अड्काउ फुकाउने अधिकार कार्य समितिलाई रहनेछ।

### १३.४. अविश्वासको प्रस्ताव :-

१३.४.(क) कार्य समिति वा कुनै पदाधिकारी वा सदस्य उपर कारण खुलाई कार्य समितिका एक तिहाई सदस्य वा एक तिहाई साधारण सदस्यहरुले अविश्वासको प्रस्ताव कार्य समितिमा दर्ता गर्न सक्नेछन।

१३.४.(ख) अविश्वासको प्रस्ताव दर्ता भए पश्चात कार्य समितिले ४५ दिन भित्र विशेष साधारण सभा बोलाई अविश्वासको प्रस्ताव पेश गर्नु पर्नेछ।

१३.४.(ग) सिंगो समिति वा समितिका कुनै पदाधिकारी वा सदस्यले आफुलाई लागेको अभियोगका सम्बन्धमा स्पष्टिकरण दिन पाउने छ र यस्तो स्पष्टिकरणबाट सन्तुष्ट भएमा सभाले प्रस्ताव फिर्ता लिन सक्नेछन।

१३.४.(घ) प्रस्ताव फिर्ता नभएमा यसलाई मतदानमा लगिने छ। विशेष साधारण सभाका दुई तिहाई सदस्यहरुले समर्थन जनाएमा प्रस्ताव पारित भएको मानिने छ। सिंगो समिति विरुद्ध प्रस्ताव पारित भएमा बाँकी अवधिका लागि अविलम्ब नयाँ निर्वाचन गर्नुपर्नेछ। निर्वाचन नहुन्जेल सम्म कुनै पदाधिकारी विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा वैकल्पिक वैधानिक व्यवस्था नरहेको हकमा समितिले तोकेबमोजिम हुनेछ।

१३.४.(ङ) अध्यक्ष उपर अविश्वासको प्रस्ताव पेश भएको अवस्थामा विशेष साधारणसभाको अध्यक्षता उपाध्याक्षले गर्नेछ। समितिविरुद्ध अविश्वासको प्रास्ताव पेश भएको अवस्थामा विशेष साधारणसभाको अध्यक्षता जेष्ठ सदस्यले गर्नेछ।

**१३.५ कारबाही :-**

संस्थाको हित विपरित कुनै पनि कार्य गरेमा कुनै पनि सदस्यलाई अनुशासन समितिको सिफारिसमा कार्यसमितिले कारबाही गर्न सक्नेछ। स्पष्टिकरण, निलम्बन र निश्कासन सम्मको कारबाही प्रकृति हेरी गर्न सकिने छ।

**१३.६ कार्यसमिति विघटन :-**

१३.६.(क) साधारण सभा वा अधिवेशनको सम्पुर्ण सदस्य संख्याको दुई तिहाई सदस्यहरुले यस संस्थाको विघटन गर्न आवश्यक देखेमा विघटन गर्न सकिने छ।

१३.६.(ख) संस्थाको निति, नियम, विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन हुन पुगेमा यस संस्थाको सम्पुर्ण चल, अचल सम्पति नेपाल सरकारको नियमानुसार हुनेछ।

# <u>अनुसुचि १</u>

## सल्यानि समाज प्रतिक चिन्ह लोगो र छाप  लोगो :-


संस्थाको छाप र चिन्ह गोलाकार दुई घेरा भित्र माथिल्लो भागमा नेपालीमा “सल्यानी समाज, दक्षिण कोरिया र तल्लो भागमा “Salyani Society South Korea” लेखि दायाँ बायाँ को बिचको भागमा नेपाल र कोरियाको झण्डा राखिएको हुनेछ। भित्रको गोलाकार भागमा सल्यानका विभिन्न प्रकृति सम्पदा  राखि हाम्रो संस्कृति र भूगोल झल्काउने खालका चिन्हहरु रहनेछन् भित्रको गोलाकार भागको माथिल्लो भागमा हिमाली श्रृंखला कुमाख लेख, त्यसको अगाडी खैरावाङ भगवति मन्दिर मन्दिरको अगाडी सल्यान जिल्लाको नक्सा तलको भागमा बगिरहेको शारदा नदि, त्यो भन्दा तल दूईवटा हात मिलाएको र हातको तल संस्थाको स्थापना २००२१ लेखिएको हुनेछ।

# <u>अनुसुचि २</u>

## संस्थाको चिन्ह (Logo)

**<u>अनुसुचि ३</u>**

## संस्थाको छाप (Stamp)



# अनुसुचि ४

## संस्थाको लेटरप्याड (Latterpad)



## **अनुसुचि ५**

**संस्थापक सदस्यहरुको नामावली**

| क्र.सं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | रेशम के.सी. | अभिभावक | शिद्धकुमाख गा.पा. २ |
| २ | बशन्त दाहाल | अभिभावक | बागचौर न.पा. १ |
| ३ | खुम बिष्ट | अभिभावक | शारदा न.पा. |
| ४ | गजेन्द्रबुढा मगर | अभिभावक | त्रीवेणी गा.पा. १ |
| ५ | बसन्त राना | अध्यक्ष | कुमाख गा.पा. ३ |
| ६ | निराजन वलि | ब. उपाध्यक्ष | कुमाख गा.पा. ६ |
| ७ | आनन्द थापा | उपाध्यक्ष | शारदा न.पा. ७ |
| ८ | बिष्णु रकाल | उपाध्यक्ष | त्रीवेणी गा.पा. २ |
| ९ | सुशिल बोहरा | महासचिव | कुमाख गा.पा. ७ |
| १० | कमल भण्डारी | सचिव | त्रीवेणी गा.पा. ५ |
| ११ | दिपक बुढाथोकी | सचिव | कुमाख गा.पा. ४ |
| १२ | टर सिङ पुन | कोषाध्यक्ष | त्रीवेणी गा.पा. २ |
| १३ | हरिभक्त वली | सहकोषाध्यक्ष | बागचौर न.पा. |
| १४ | प्रेम बोहरा | सदस्य | शिद्धकुमाख गा.पा. २ |
| १५ | अर्जुन चन्द | सदस्य | दार्मा गा.पा. |
| १६ | भिमराज बुढाथोकी | सदस्य | शिद्धकुमाख गा.पा. ३ |
| १७ | डिल्लि के.सी. | सदस्य | कालिमाटी गा.पा. २ |

## **अनुसुचि ६**

**विधान संशोधन समिति २०२५ :-**

| क्र. सं. | नाम थर | पद | विधान संशोधन जिम्मेवारी | ठेगाना |
|---|---|---|---|---|
| १ | टर सिङ पुन | अध्यक्ष | संयोजक | त्रीवेणी गा.पा. २ |
| २ | बसन्त राना | सल्लाहकार संयोजक | सदस्य | कुमाख गा.पा. ३ |
| ३ | शुशिल बोहरा | बरिष्ठ सल्लाहकार | सदस्य | कुमाख गा.पा. ७ |
| ४ | भिमराज बुढाथोकी | वरिष्ठ उपाध्यक्ष | सदस्य | शिद्धकुमाख गा.पा. ३ |
| ५ | पृथ्वी मगर | उपाध्यक्ष | सदस्य | बनगाँडकुपिण्डे न.पा. १० |
| ६ | मोहन रेउले | कोषाध्यक्ष | सदस्य | शिद्धकुमाख गा.पा. ३ |

## सपथ ग्रहण

म ........................................... सत्य निष्ठावान एवं बिवेकपूर्वक सपथ लिन्छु कि सल्यानी समाज, दक्षिण कोरियाको ............................ पदमा रहदा विधानले निर्देशित गरेका काम, कर्तव्य र अधिकारको अधिनमा रही आफ्नो जिम्मेवारी पूर्ण इमान्दारी र निष्ठापूर्वक पालना गर्नेछु। विधान र यसको अधिनमा बन्ने नियम उपनियमहरूको पूर्णरुपमा पालना गर्नेछु। साथै संस्थाको पदमा रहँदा वा नरहँदा पदको गोपनीयता भंग गर्ने कार्य गर्ने छैन। साथै संस्थालाई अहित र कुभलो हुने कुनै पनि प्रकारको क्रियाकलाप गर्ने छैन भनि प्रतिज्ञाकासाथ म यस संस्थाको मूल्य र मान्यताहरूलाई सदा सर्वोत्कृष्टताका साथ आत्मसात् गर्ने मेरो प्रतिवद्दता गर्दै यो आजका दिनबाट यो सपथ ग्रहण गर्दछु।

**सपथ गराउने :-** **सपथ गर्ने :-**